नगर कार्यपालिका
बैठक संख्या १६।२०७९-०८४
मिति २०७९।११।५ को
निर्णय प्रमाणित

बैठक संख्याः १६/२०७९-०८४

मिति २०७९ साल फागुन ५ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

**निर्णय नं. १**

नगर कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २**

सङ्घीय सरकारको आ.ब. २०७९/०८० मा सशर्त अनुदान कार्यक्रम अन्तर्गत दुधमा आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यबिधी, २०७९ बमोजिम कार्यक्रम कार्यान्वयनका लागि प्राप्त कृषि विकास शाखा र पशु सेवा शाखाको तपसिल बमोजिमको कार्यक्रम संचालन गर्न स्वीकृति प्रदान गर्ने ।

क. कृषि विकास शाखा

- मसिना तथा बासनादार धान आत्मनिर्भर कार्यक्रम रु.४० लाख

| सि.नं. | कार्यक्रम | धान उत्पादन क्षेत्र | कार्यक्रम सि.नं. | कार्यक्रमको नाम | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | मसिना तथा बास्नादार धान आत्मनिर्भर कार्यक्रम | कोहलपुर न.पा. वडा नं. ३, ७, ८, ९, १३, १४ र १५ | १ | कृषि यान्त्रिकीकरण सहयोग तर्फ | १७२५ |
| | | | २ | साना सिचाई सहयोग तर्फ | १३५० |
| | | | ३ | बिउ विजन तथा हरियो मल र जिंक प्रदर्शन तर्फ | ६७५ |
| | | | ४ | सिप विकास तर्फ | १०० |
| | | | ५ | मसिना धानको उत्पादन प्रदर्शन कार्यक्रम | १५० |
| जम्मा | | | | | ४००० |

ख. पशु सेवा शाखा

- दुध उत्पादन आत्मनिर्भर कार्यक्रम रु.१ करोडः यस नगरपालिकाको वडा नं. १२ र १३ लाई पायक पर्ने गरी दुध संकलन तथा प्रसोधन केन्द्र स्थापना गर्न समूह वा सहकारीबाट प्रस्ताव आव्हान गरी कार्यान्वयन गर्ने ।

**निर्णय नं. ३**

यस नगरपालिकाको मिति २०७९/१०/२९ गतेको सार्वजनिक कार्यक्रममा पेश भएको exit poll, नागरिक प्रतिवेदन पत्र एवं सहभागीले उठान गरेका सवालहरु तथा जवाफदेहीकर्ताबाट दिईएका जवाफहरुको विषयमा छलफल गरियो । उठान भएका विषयहरु क्रमशः सम्बोधन गर्दै जाने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ९६।२०७९-०८०
मिति २०७९।११।५ ... को
निर्णय प्रमाणित

निर्णय नं. ४

क. कोहलपुर नगरपालिकाको नगरसभाबाट स्वीकृत कर्मचारी संगठन संरचना (O&M) र दरबन्दी तेरिज बमोजिमको पदहरु दर्ताका सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत राष्ट्रिय किताबखाना(निजामती) एवं नेपाल सरकार र प्रदेश सरकारको सम्बन्धित निकायमा पद दर्ताका लागि पठाउने ।

ख. यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमका पदहरुमा पदपूर्तिका लागी करार कार्यबिधी बमोजिम सूचना प्रकाशन गर्ने ।

- **मेडिकल अधिकृत (चिकित्सक) आठौ तह -२(दुई) जना,** (आधारभुत अस्पतालका लागि १ जना र नगर स्वास्थ्य प्रबर्द्धन केन्द्रका लागि १ जना, मेडिकल अधिकृत पदमा MD/ MS गरेकोलाई अनुभव वापतको पूर्ण अंक दिई प्राथमिकता दिने )
- **क्षयरोग मुक्त अभियान संयोजक - १(एक) जना,** (बि.पि.एच गरेको, क्षयरोग मुक्त नेपाल अभियान अन्तर्गत नगर स्वास्थ्य प्रबर्द्धन केन्द्रमा रहने गरी ।
- **ल्याब असिष्टेन्ट (चौथो) - १(एक) जना र स्टाफ नर्स (पाँचौ) -१(एक) जना,** नगर स्वास्थ्य प्रबर्द्धन केन्द्रका लागि

निर्णय नं. ५

कोहलपुर नगरपालिकाको राजस्व परामर्श समिति एवं नगर कार्यपालिकाको मिति २०७९/०९/२८ गतेको बैठकबाट नगरपालिका क्षेत्रभित्र व्यवसाय दर्ता एवं नविकरणका लागि २०७९ माघ मसान्तसम्म अभियान कै रुपमा नगर प्रहरी सहितको टिमले व्यवसाय दर्ताको अनुगमन गरी स्थलगत रुपमै व्यवसाय दर्ता गर्ने एवं व्यवसाय दर्ता भई नविकरण गर्न बाँकीको हकमा जरिवाना समेतले हुन आउने कुल राजस्व रकममा ५०% छुट दिई नविकरण गर्ने भनी निर्णय भएकोमा उक्त अवधी २०७९ चैत्र मसान्तसम्म थप गर्ने । व्यवसाय दर्ताको लागी घुम्ती सेवा समेत उपलब्ध गराउने गरी वडासँगको समन्वयमा २०७९ चैत्र मसान्तसम्म वडाहरुमा समेत टोली खटाउने ।

निर्णय नं. ६

कोहलपुर नगर विकास समितिको २०७९/११/१ को निर्णयानुसार यस समितिको नाममा श्रेस्ता पुर्जा कायम भएका घर जग्गाको मालपोत कर सम्बन्धमा छलफल गर्दा यस समितिको अधिकार क्षेत्रभित्र रहेको प्रत्येक आर्थिक वर्षको मालपोत कर रकम कोहलपुर नगरपालिकामा बुझाउनु पर्नेमा नगरपालिकालाई यस समितिको मातहतको जग्गाहरु मध्ये गोलपार्क, निर्माणाधिन प्रशासकीय भवनको क्षेत्र, वडा नं ११ को कार्यालय, शिक्षा शाखा बसेको भवन, नगर प्रहरीले प्रयोग गरेको भवन, लामो दूरीको बसपार्कको क्षेत्र लगायत निःशुल्क भोगचलन गर्न दिईएको, त्यसै गरी विभिन्न सार्वजनिक एवं सरकारी प्रयोगमा रहेका जग्गाहरु जस्तै सब डिभिजन बन कार्यालयले प्रयोग गरेको क्षेत्र, हुलाक कार्यालयले प्रयोग गरेको क्षेत्र, विभिन्न मन्दिर,पार्कको लागि उपलब्ध गराईएको क्षेत्र लगायतबाट नगर बिकास समितिलाई कुनै पनि आम्दानी नहुने र आफूले प्रयोग पनि नगरेको साथै गोलपार्क भ्यू टावर निर्माणको लागि नगरपालिकालाई ३ करोड रुपैयाँ नगद उपलब्ध गराईएको हुँदा यस समितिको एवं

प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या ९६/२०७९-०८० मिति २०७९/११/१५ को
निर्णय प्रमाणित

नगरपालिकाको आपसी समन्वयमा कार्य आगामी दिनमा समेत अपरिहार्य रहेको, यस समितिमा हाल जग्गाहरु बिक्री हुन नसकी बजेट मौज्दात समेत नरहेको हुँदा यस समिति अन्तर्गतको जग्गाको मालपोत कर छुट गरिदिन कोहलपुर नगरपालिकालाई अनुरोध गर्ने निर्णय सहित नगर विकास समितिको प.सं. २०७९/०८०, च.नं. २९४, मिति २०७९/११/०४ को पत्रबाट अनुरोध भएकोमा सो समितिको नाममा रहेको जग्गाको मालपोत (भूमिकर) शत प्रतिशत छुट दिने।

निर्णय नं. ७

यस नगरपालिकाको बेरुजु फछ्यौंट कार्यका लागि अनुभवी सेवानिवृत्त भू.पु. १(एक) जना बेरुजू फछ्यौंट कर्मचारी (लेखापाल) ज्यालादारीमा राखी कामकाजमा लगाउने । साथै बेरुजु फछ्यौंटका लागि नगरपालिकाको लेखा समितिलाई विशेष अनुरोध गर्ने ।

निर्णय नं. ८ विविध

क) नापी कार्यालय कोहलपुरमा स्थापना भई संचालनका लागी चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ७१ सि.नं. ७० को विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट खर्च हुने घर भाडा वापत नापी कार्यालय, कोहलपुरलाई रु.२,५०,०००।– उपलब्ध गराउने ।

ख) कोहलपुर नगरपालिका वडा नं. २ स्थित श्री सिद्देश्वर महादेव मन्दिरलाई २०७९ साल फागुन ६ गतेको महाशिवरात्री महोत्सव संचालनका लागी चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. ६८ सि.नं. ३५ दिवशीय कार्यक्रम शीर्षकबाट खर्च हुने गरी रु.२५,०००।- उपलब्ध गराउने ।

ग) उषा किरण राष्ट्रिय मासिक नयाँ बानेश्वर काठमाडौंले बिज्ञापन छपाई वापत भुक्तानीका लागी रु.५०,०००।– भुक्तानी माग गरेकोमा उक्त उषा किरण राष्ट्रिय मासिकलाई रु.१०,०००।- उपलब्ध गराउने ।

घ) राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघको नेपालगंजमा हुने महाधिवेशनका लागि आर्थिक सहयोग माग भएकोमा उक्त महाधिबेशन संचालनका लागि मध्यपश्चिम क्षेत्रीय खेलकुद कर्मचारी संघ, नेपालगंज, बाँकेलाई चालु आ.ब. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १०४ सि.नं. ३७५ खेलकुद तथा युवा लक्षित कार्यक्रम शीर्षकबाट खर्च हुने गरी रु.१०,०००।– आर्थिक सहायता उपलब्ध गराउने ।

ङ) कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने एथलेटिक्स खेलाडी दिपशिखा शाहीलाई राष्ट्रिय प्रतियोगितामा सहभागी हुनका लागि रु.१०,०००।-आर्थिक सहायता उपलब्ध गराउने ।

च) यस नगरपालिकामा विभिन्न व्यक्ति तथा संघ संस्थाहरुले बेला बेलामा कार्यक्रम संचालन खर्च, आर्थिक सहायता लगायतका निवेदनहरु पेश गर्ने गरेकोमा व्यक्तिगतको हकमा साविकको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने । संस्थागत सहयोग एवं कुनै अभियानमा नगरपालिकाको तर्फबाट

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या ...१६।२०७६-०८४
मिति २०७६।१२।१५... को
निर्णय प्रमाणित

सहभागिता जनाउने टोलीको हकमा सो कार्यक्रम संचालन गर्ने प्रकृतिका अन्य संस्था नभई एकल प्रस्ताव आएमा साथै सामाजिक गैर नाफामुलक एवं सामुहिक उद्देश्यका लागि संघ संस्थाबाट कार्यक्रम संचालन वा आर्थिक सहायता माग भएमा त्यस्तो संस्थालाई अधिकतम रु.१ लाख सम्म सार्वजनिक खरिद ऐन तथा प्रचलित कानून बमोजिम खर्च गर्ने गरी नगर कार्यपालिका कार्यालयको राय टिप्पणीमा नगर प्रमुख स्तरीय निर्णयबाट सो रकम उपलब्ध गराउने ।

छ) चालु आ.ब. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रस्तावित सूचना अनुसार भिजन कम्पिटिसनको लागी सूचना आव्हान गर्ने ।

ज) राष्ट्रिय भूमी आयोगको भुमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण प्रयोजनार्थ यस कोहलपुर नगरपालिका भित्रका वडा नं. ५ र १४ को मालपोत कार्यालयबाट विवरण प्राप्त भएकाले सो को नापी कार्यका लागी भुमी आयोग, बाँकेलाई भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको नाप नक्सा कार्य अगाडी बढाउन अनुरोध गर्ने । वडा नं. १ को जग्गाको नापनक्सा कार्य सम्पन्न भईसकेको हुँदा भूमिहिन सुकुम्बासी, भूमिहिन दलितहरुलाई जग्गाधनी प्रमाण पुर्जाको वडा कार्य समितिबाट निर्णय भै आएको हुँदा तपसिलमा उल्लेखित अनुसूचि १ बमोजिमका भूमिहिन सुकुम्बासी र भुमिहीन दलितहरुको पुर्जा तयार गर्नका लागि राष्ट्रिय भूमी आयोगलाई पठाउने ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत